आज मिति २०७८ बैसाख ६ गते सोमवार मल, खाद तथा विउ लगायत कृषिसँग सम्बन्धित समन्वय बैठक जिल्ला समन्वय समन्वय समितिका प्रम्ख श्री उद्धव के.सि.ज्यूको संयोजकत्वमा देहायका पदाधिकारीहरुको उपस्तिथिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्तिथि:

| क्र.स. | नाम, थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री उद्धव के.सि. | प्रमुख, | जिल्ला समन्वय समिति, काभ्रे | |
| २ | श्री मञ्जु गौतम | उपप्रमुख | जिल्ला समन्वय समिति, काभ्रे | |
| ३ | श्री शिवराम पोखरेल | प्र.जि.अ. | जिल्ला प्रशासन का. काभ्रे | |
| ४ | श्री प्रेम ब. तिमिल्सिना | अध्यक्ष | बेथानचोक गा.पा. | |
| ५ | श्री सरिता लामिछाने | उपाध्यक्ष | ,, ,, | |
| ६ | श्री लक्ष्मी वतौंला | ,, | रोशी गा.पा. | |
| ७ | श्री सन्तनु के.सी. | सदस्य | जि.स.स.को कार्यालय | |
| ८ | श्री कृष्ण ब. लामा | ,, | ,, | |
| ९ | श्री निर्मला शाही | उप-प्रमुख | मण्डनदेउपुर नगरपालिका | |
| १० | श्री हरी खतिवडा | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ११ | श्री विकास मंग्राती | सदस्य | जिल्ला समन्वय समिति | |
| १२ | श्री शुभावती शियमती | ,, | ,, ,, ,, | |
| १३ | श्री राजकुमारी श्रेष्ठ | ,, | ,, ,, ,, | |
| १४ | श्री गिता सुनार | ,, | ,, ,, ,, | |
| १५ | श्री प्रेमकु. लामादेङ | ,, | ,, ,, ,, | |
| १६ | श्री कान्छालाल जिन्वा | अध्यक्ष | महाभारत गा.पा. | |

**निर्णय नं. १:-** मलको वितरणलाई प्रभावकारी वनाउन कृषि सामग्रि संस्थान र साल्ट ट्रेडिङ्ग कर्पोरेशन सगँ भएको स्टक तथा मल आउने कति हो निर्धारण गरि स्थानीय पालिकाको मागको अनुपातमा वितरण गर्ने र पालिकामा वितरण गरीएको मलको जानकारी स्थानीय पालिकामा अनिवार्य पठाउने व्यवस्था गर्ने निर्णय गरियो । महाभारत गाँउपालिका तथा खानिखोला गाँउपालिकाको हकमा विशेष प्राथमिकताका साथ मल वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. :- २** काभ्रेपलाञ्चोक जिल्लामा हाल निर्धारण भएको कोटा अनुसार मल पर्याप्त नहुने भएकाले नेपाल सरकारबाट निर्धारण भएको मलको कोटा थप गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. :- ३** मल सम्वन्धि वनेको कार्यविधि वमोजिम स्थानीय पालिकाले मल वितरण कार्य प्रभावकारी भए नभएको अनुगमन गर्ने सो कार्यका लागि कार्यविधि वमोजिम स्थानीय पालिकाको वजार अनुगमन समितिलाई सकृय तुल्याउने र स्थानीय पालिकाले अनुगमन गर्दा मल विक्री वितरण वा कार्यविधिको दुरुपयोग भएको पाइएमा कारवाहीका लागि जिल्ला प्रशासन कार्यालय काभ्रेमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. :- ४** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना सुपरजोन कार्यालयको कार्यालय प्रमुखले पेश गर्नु भएको कृषिको आधुनिकिकरण सम्वन्धि योजना कार्यन्वयनको लागि यस बैठकले सहयोग गर्ने भनि निर्णय गरियो ।